नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

पत्र संख्याशा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- 902

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०७८/०४/१४

विषयः कतार प्रवेश गर्ने मापदण्ड सम्बन्धमा ।

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक, काठमाडौं ।
श्री अध्यागमन विभाग, कालिकास्थान काठमाडौं ।
श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालय (मध्य एशिया, पश्चिम एशिया, तथा अफ्रिका महाशाखा) को च.नं. ३११ मिति २०७८/०४/१२ गतेको पत्रबाट १२ जुलाई २०२१ (तदनुसार २०७८ आषाढ २८ गते) देखि कतार सरकारले कतार प्रवेश गर्ने यात्रुहरुका लागि जारी गरेको अद्यावधिक मापदण्ड अनुरुप नेपालबाट कतार यात्रा गर्ने यात्रुहरुले पालना गर्नुपर्ने मापदण्डहरुको बारेमा जानकारी गराउदैं कतारस्थित नेपाल राजदूतावासबाट प्राप्त मिति २०७८/०४/१० को पत्र संलग्न राखी जानकारीको लागि अनुरोध भई आएको हुँदा कतारस्थित नेपाल राजदूतावासको उक्त पत्रको छायाँप्रति पाना १ (एक) यसैसाथ संलग्न राखी जानकारीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(राम बहादुर के.सी.)
शाखा अधिकृत

السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

## नेपालबाट कतार प्रवेश गर्ने मापदण्ड सम्बन्धी थप जानकारी ।

१२ जुलाई २०२१ (तदनुसार २०७८ आषाढ २८ गते) देखि लागू हुने गरी कतार सरकारले कतार प्रवेश गर्ने यात्रुहरुका लागि जारी गरेको अद्यावधिक मापदण्ड अनुरुप (https://covid19.moph.gov.qa/EN/travel-and-return-policy/Pages/default.aspx) नेपालबाट कतार यात्रा गर्ने यात्रुहरुले देहायका मापदण्डको पालना गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ:

१. हरेक यात्रुले नेपालमा तोकिएका स्वास्थ्य संस्थाबाट जारी भएको ७२ घण्टाभित्रको कोभिड १९ नेगेटिभ पि सी आर रिपोर्ट लिएर मात्र यात्रा गर्न पाइने ।

२. यात्रा गर्नुभन्दा कम्तीमा १२ घण्टाअघि www.ehteraz.gov.qa वेबसाइटमा अनलाइन माध्यमबाट प्रि रजिस्ट्रेशन गरेर आवश्यक कागजात अपलोड गरेपछि प्राप्त हुने Travel Permit प्रिन्ट गरी साथमा लिएर यात्रा गर्न पाइने ।

३. कतारमा दुवै मात्रा खोप लगाई खोपको प्रमाणपत्र प्राप्त गरेका यात्रुहरुले खोप लगाएको १२ महिना अवधिभित्र पुनः कतार प्रवेश गर्दा क्वारेन्टिन बस्नु नपर्ने ।

४. कतारले मान्यता दिएका Pfizer/BioNTech, Moderna, Astrazeneca (Coveshield/Oxford) र Jansen/Johnson&Johnson खोपको मात्रा कुनै पनि देशमा पुरा गरेको १४ दिन पुरा भएका र खोप लगाएको प्रमाणपत्र प्राप्त गरेका यात्रुले कतारमा क्वारेन्टिन बस्नु नपर्ने । खोप लगाएको प्रमाणपत्रमा देहायबमोजिमको जानकारी हुनुपर्ने:

राहदानीमा भएको नामसँग मिल्ने गरी लेखिएको खोप प्राप्त गर्ने व्यक्तिको नाम,
खोप लगाइएको मिति,
खोपको नाम/प्रकार,
उपलब्ध भएमा खोपको लट नम्बर, र
खोप लगाउने निकायको सही छाप

५. त्यसैगरी Sinopharm खोप लगाएका यात्रुको हकमा आगमनको बखतमा एन्टीबडी परीक्षण गरी पोजिटिभ देखिएमा क्वारेन्टिन बस्नु नपर्ने तथा नेगेटिभ देखिएमा होटल क्वारेन्टाइन बस्नुपर्ने ।

६. कतारमा कोभिड-१९ संक्रमण भई निको भएको १२ महिनाभित्र कतार पुनः प्रवेश गर्ने यात्रुले क्वारेन्टिन बस्नु नपर्ने ।

७. खोपको मात्रा पुरा नगरेका, खोपको लगाएको १४ दिन पुरा नभएका वा खोप नलगाएका यात्रुको हकमा अनिवार्य रुपमा Discover Qatar वेबसाइटमा बुकिङ गरी १० दिन होटल क्वारेन्टिन वा १४ दिन मेखाइनिस क्वारेन्टिन बस्नुपर्ने ।

थप जानकारीका लागि सम्बन्धित एयरलाइन्ससँग सम्पर्क गर्नुहोला ।

२०७८ श्रावण १०
नेपाली राजदूतावास
दोहा, कतार ।